अनुसूची ३

## पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि निवेदन पत्र (नमुना)

मितिः ..............

श्रीमान प्रमुखज्यू

....................गा.पा.\न. पा. \उ.न.पा\म.न. पा.......... ।

**विषयः पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम उपलब्ध गराईदिने बारे।**

महोदय,

यस पालिकाको मिति २०७८।। गतेको प्रकाशित सूचना अनुसार यस समूह/समिति/सहकारी संस्थाले पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम (.......................) सञ्चालन गर्न निम्नानुसार कागजात सहित निवेदन गरेका छौं। कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमको सदुपयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

संलग्न कागजातहरुः

१. कृषक समूह/समिति/सहकारी/निजी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु

२. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाले कार्यक्रम सञ्चालन गर्ने निर्णयको प्रतिलिपि

३. कृषक/समूह/समिति/सहकारी/निजी संस्थाका सदस्यहरूको नामावली

४. अन्य आवश्यक कागजातहरु (स्थानीय तहको आवश्यकता अनुसार)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं



CamScanner

- बजार प्रवर्द्धन कार्यक्रम
  - घाँसेबाली बिउ/बिजन/हरियो घाँस/हे/ साइलेज उत्पादन तथा बजारीकरण
  - घाँसेबाली बिउ/बिजन/हरियो घाँस/हे/ साइलेज ढुवानी कार्यक्रम
  - बजार सूचना प्रणाली विकास/विस्तार
- प्राविधिक सेवा प्रदान
  - प्रसार कार्यक्रम
  - समन्वय सहकार्य कार्यक्रम
- अनुगमन मूल्याङ्कन
  - कार्यक्रम सर्वजनिकरण
  - अनुगमन, प्रतिवेदन तयारी एवं प्रेषण
  - सार्वजनिक सुनुवाई

(५) मत्स्य मिसन कार्यक्रम

- पोखरी निर्माणं
- मत्स्य पालन यन्त्रीकरण सहयोग
- मत्स्य दाना उत्पादन
- मत्स्य नर्सरी निर्माण
- मत्स्य बजार विकास
- रेसवे निर्माण
- प्राकृतिक जलासयमा माछाका भुरा छाड्ने (Ranching)
- मत्स्य ढुवानी व्यवस्थापन

**ख) पशुपन्छी बजार प्रवर्द्धन अन्तर्गतका कार्यक्रमहरू**

**१. पशुपन्छी बजार प्रवर्द्धनका लागि डेरी/चिलिंग सेन्टर/मिटमार्ट/संकलन केन्द्र/हाटबजार स्थापना/बधशाला निर्माण/पिग्लेट मार्केट स्थापना**

<u>लघु/साना /मोडेल डेरी प्रवर्द्धन कार्यक्रम</u>

- डेरीको लागी आवस्यक भौतिक संरचना निर्माण/सुधार ।
- भुई तथा भित्तामा टायल लगाउने, सम्याउने, कुनाकानी मिलाउने तथा उचित प्रकारको सिलिङ्ग निर्माणका कार्यहरु ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

- डेरीका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान ।
- प्रकाश संबातन( भेन्टिलेसन) व्यवस्थापन तथा किरा फट्यांग्रा नियन्त्रण सम्बन्धि कार्यहरु ।
- ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु ।
- बिद्युत र पानीको नियमित आपूर्ती सम्बन्धि कार्यहरु ।
- दूध राखे क्यान, मिल्क पम्प तथा होज पाइप आदिको व्यवस्था ।
- व्यक्तिगत सूरक्षाको लागि आवश्यक एप्रोन, मास्क, बुट, टोपी लगायतका सामाग्रीहरु।
- मर्मत संभारमा आवश्यक पर्ने औजार र उपकरणको व्यवस्था ।
- मिल्क एनालाईजर वा गुणस्तर जांचका लागी आवस्यक अन्य उपकरण जडान सम्बन्धि कार्यहरु ।
- दूध चिस्यान, भण्डारण, प्याकेजिङ गर्नको लागि आवश्यक मेसीन तथा उपकरणको स्थापना ।

<u>दुग्ध चिस्यान केन्द्र निर्माण सम्बन्धी व्यवस्था</u>

(१) दुग्ध चिस्यान केन्द्र निर्माणको लागि दूध उत्पादन पकेट क्षेत्रको रुपमा विकास भएका शहर वा शहरोन्मुख बस्तीका दुग्ध व्यवसायमा संलग्न रहेका कृषक/समूह/समिति/सहकारी/निजी संस्थाहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ

(२) दुग्ध चिस्यान केन्द्रहरुसँगको कार्यक्रम निम्न हुनेछन् ।

(क) दुग्ध चिस्यान केन्द्रका लागि आवश्यक भौतिक संरचना निर्माण/सुधार (प्रकाश/भेन्टीलेसन व्यवस्थापन तथा कीरा फट्यांग्रा नियन्त्रण सम्बन्धी निर्माण उपकरण, ढल निकास तथा फोहोर व्यवस्थापनका लागि आवश्यक निर्माण कार्यहरु।

(ख) दुग्ध चिस्यान केन्द्रका लागि आवश्यक मेशीन र उपकरणहरु खरिद तथा जडान (चिलिङ्ग भ्याट, दूध पम्पिङ्ग मोटर, सरसफाई, निसंक्रमण मर्मत संभारमा आवश्यक पर्ने औजार, औद्योगिक बिद्युत मिटर र उपकरणको व्यवस्था)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

चिस्यान केन्द्र कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

(१) सडकको पहुँच भएको।

(२) पानी तथा विद्युतको उपलब्धता भएको।

(३) वित्तीय संस्थाहरूको पहुँच भएको।

(४) ३०० लिटर क्षमताको चिलिंग भ्याट स्थापनाको लागि कम्तीमा २५० लिटर, ५०० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि सो स्थानमा दैनिक कम्तीमा ४०० लिटर, १००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा ८०० लिटर, २००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा १६०० लिटर र ३००० लिटर क्षमताको चिलिङ्गभ्याट स्थापनाको लागि दैनिक कम्तीमा २५०० लिटर दूध संकलन र विक्री हुने सम्भावना भएको क्षेत्र हुनुपर्ने।

(५) दुग्ध चिस्यान केन्द्र सञ्चालन गर्ने स्थलको जग्गा कृषक/समूह/समिति/सहकारी/निजी संस्थाको आफ्नै भए सो को जग्गाधनी प्रमाणपूर्जाको फोटोकपी निवेदनसँगै संलग्न हुनुपर्नेछ।

(६) जग्गा भाडामा लिएको भए कम्तीमा १० वर्षको करार/सम्झौता र आवश्यक पूर्वाधार निर्माण गर्न पाउने अनुमती प्राप्त गरेको।

## मिट मार्ट स्थापना कार्यक्रम

- स्वच्छ पिउने पानीको व्यवस्था ( ओभरहेड टयांकी स्थापना, पाईप फिटिङ्ग, पानी तान्ने मोटर जडान आदि)
- मासु बिक्री कक्ष बनाउने, भित्ता र भुंईमा टायल लगाउने वा मार्वल विछाउने ।
- मीट मार्टबाट निस्कने फोहोर व्यवस्थापन ।
- शौचालय र वासिङ्ग वेसिन निर्माण/ सुधार ।
- डिस्प्ले फ्रीज खरिद
- अगाडीको आँगन, बाटो, ग्राहक बस्ने स्थानको निर्माण/ सुधार ।
- मासुको स्वच्छ भण्डारण गर्न डिप फ्रिज, कोल्ड रुम आदीको व्यवस्था ।
- उपकरण खरिद जस्तैः मीट कटिङ मशिन, मीट स्लाइसिङ मशिन, स्टेनलेस स्टील टेबल, चपिङ्ग टेबल, चक्कुहरु, डिजिटल तराजु, आदि ।

मिटमार्ट स्थापना कार्यक्रममा सहभागी हुनका लागि देहाय बमोजिमका आधारहरु पुरा भएको हुनुपर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं